बर्दघाट नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

नवलपरासी (बसुप)

लुम्बिनी प्रदेश, नेपाल

पत्र संख्या:-२०८१/०८२

च.नं.

## सिलवन्दी दरभाउपत्र आह्वान सम्बन्धी १५ दिने सूचना

**तेश्रो पटक प्रकाशित मिति: ०८१।४।२२**

स्थानीय सरकार सन्चालन ऐन २०७४ को दफा ५९ तथा बर्दघाट नगरपालिकाको सार्वजनिक खरिद नियमावली २०७९ तथा बर्दघाट नगरपालिकाको आर्थिक ऐनमा तोकिए बमोजिम नगरपालिका वडा नं १२ स्थितभटौलिया हाटवजार, शनिवार बुधवार, बर्दघाट-१२, (शौचालय समेत) आ.व.०८१/०८२ को भाद्र १५ गतेदेखि १० महिना १५ दिन को लागि ठेक्का बन्दोवस्त गर्न तेश्रो पटक सूचना प्रकाशन गर्ने सम्बन्धमा मिति ०८१/४/२१ को राजश्व परामर्श समितिको वैठकको निर्णय अनुसार नगरसभाबाट स्वीकृत दररेट बमोजिम आय ठेक्काको राजस्व उठाउने सम्बन्धमा इच्छुक कम्पनी वा फर्मको इजाजत पत्र, आय कर दर्ता प्रमाणपत्र, मूल्य अभिवृद्धि कर दर्ता प्रमाणपत्रको प्रतिलिपी, आ.व.०७९/०८० आय कर चुक्ताको प्रमाण संलग्न राखी www.bolpatra.gov.np/egp मार्फत विद्युतिय वोलपत्र (E–Bidding) मार्फत शीलवन्दी वोलपत्र/दरभाउपत्र पेश गर्नु हुन सम्बन्धित सरोकारवाला फर्म वा कम्पनीहरु सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरीएको छ।

### तपसिल

| आय ठेक्का नं | आय ठेक्काको नाम | न्यूनतम अंक रु. (भ्याट सहित) | ठेक्का अवधि | वेलपत्र दस्तुर | धरौटी रकम रु | कै |
|---|---|---|---|---|---|---|
| ५/०८०/०८१ | भटौलिया हाटवजार, शनिवार बुधवार, बर्दघाट-१२, (शौचालय समेत) | ७,४४,१८१।६६ | ०८१ भाद्र १५ देखि ०८२ आषाढ मसान्त | ३००० | ३७,२०९।०० | |

### ठेक्का सम्बन्धी शर्तहरु

(१) कार्यालयबाट प्रमाणित भएको वोलपत्र फाराम WWW.bolpatra.gov.np/egp बाट Download गरी तोकिएको दस्तुर रु ३००० रकम एन.आई.सी एसिया बर्दघाट शाखामा रहेको राजश्व खाता ०८३२०५००२८२११००२ खातामा जम्मा गरेको भौचर वोलपत्र साथ पेश गर्नु पर्नेछ। खरीद भएका वोलपत्रको पानामा सही छाप, फर्मको नाम, ठेगाना र ठेक्काको नाम, कवोल अंक इत्यादी विवरण भरी मिति ०८१/५/५ गते १२:०० बजे सम्म UpLoad गर्न सकिने छ।

(२) पेश भएका टेण्डरहरु मिति ०८१/५/५ गते दिनको १:०० बजे ठेकेदार आफै वा ठेकेदारको प्रतिनिधीको रोहवरमा खोलीनेछ। सो समयमा ठेकेदार आफै वा ठेकेदारको प्रतिनिधिको उपस्थिति नभए पनि कार्यालयका प्रतिनिधीहरुको रोहवरमा टेण्डर खोल्न वाधा पर्नेछैन।

(३) टेण्डर फाराम पेश गर्ने र खोल्ने दिन सार्वजनिक विदा परेमा क्रमश: सो को भोली पल्ट कार्यालय खुलेको दिन मान्य हुनेछ।

(४) पेश भएको बोलपत्रमा निर्माण व्यावसायीको अनिवार्य सहि छाप गरी पेश गर्नु पर्नेछ।

(५) वोलपत्रमा कवुल रकम अंक र अक्षरमा स्पष्टसंग लेख्नु पर्नेछ। अंक र अक्षरमा फरक पर्न गएमा अक्षरलाई मान्यता दिईनेछ।

(६) धरौटी बापत न्युनतम कवोल अंकको (VAT समेतको) ५% ले हुने तोकिएबमोजिमको रकम एन.आई.सी एसिया बर्दघाट शाखामा रहेको हि.नं. ८३४१४९८४८२५२४००४ खातामा जम्मा गरेको भौचर समेत WWW.bolpatra.gov.np/egp मा वोलपत्रदाताको सहि छाप भएको वोलपत्र फाराम साथ पेश गर्नु पर्नेछ। कार्यालयको छाप नभएको र कार्यालयबाट प्रमाणित नभएको वोलपत्र फारामलाई मान्यता दिइने छैन।

प्रमुख प्रशासकीय अधिकृत

बर्दघाट नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

नवलपरासी (बसुप)

लुम्बिनी प्रदेश, नेपाल

पत्र संख्याः-२०८१/०८२

च.नं.

(७) ठेक्का लिए वापत ठेकेदारले नेपाल सरकार र अन्य निकायलाई बुझाउनु पर्ने सम्पूर्ण कर आफैले बुझाउनु पर्नेछ । उक्त करहरु किस्ता संगै अग्रिम बुझाउनु पर्नेछ ठेक्का रकम बाट घटाउन पाइनेछैन ।

(८) टेण्डर स्वीकृत भएको सूचना पाएको मितिले सात दिन भित्र मूल्य अभिवृद्धि कर (VAT बापतको रकम बर्दघाट नगरपालिकाको नामबाट सम्वन्धित आन्तरिक राजश्व कार्यालयमा बुझाउनु पर्नेछ वा सो वापतको रकम नगरपालिकामा पेश गर्नुपर्नेछ । स्वीकृत ठेक्काको हकमा सम्झौता गर्दाको बखतमा ५०% रकम (नगदै) प्रथम किस्ता र बाँकी रकमको हकमा मान्यता प्राप्त क बर्गको बाणीज्य बैंकको तोकिएको अवधि सम्मको बैंक ग्यारेण्टी पेश गर्नु पर्नेछ । तोकिएको समयमा दोश्रो किस्ता रकम नबुझाएमा बैंक जमानतबाट असुल उपर गरिनेछ ।

(९) कुनै कारण जनाई वा नजनाई ठेक्का स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार बर्दघाट नगरपालिकामा सुरक्षित रहने छ । साथै रीत नपुगी वा म्याद नाघी आएको बोलपत्र उपर कुनै कारवाही गरिने छैन ।

(१०) ठेक्का कवोल गर्ने ठेकेदारले बर्दघाट नगरपालिकाले तोकेको कर उठाउदा प्रयोग गर्ने करको दस्तुर रकम आर्थिक ऐन, २०८१ मा उल्लेख भएबमोजिम नै हुनेछ साथै रसीदहरु ठेकेदारले आफ्नो तर्फबाट छपाई ती रसीदहरु यस कार्यालयबाट प्रमाणित गराई मात्र प्रयोग गर्नुपर्नेछ । प्रमाणित नगरेको रसिदबाट कर उठाएको उजुरी आएमा कानुन बमोजिम कारवाही गरिनेछ ।

(११) ठेकेदारले उठाउने कर, शुल्क कार्यालयद्धारा तोकिएको संकलन केन्द्रमा नै उठाउनु पर्नेछ । राष्ट्रिय राजमार्ग तथा सहायक राजमार्गमा ढाट (तगारो) राखी कर उठाउन पाइने छैन । साथै दररेट सहितको साइनवोर्ड सबैले देख्ने गरी सम्बन्धित केन्द्रमै राख्नु पर्नेछ ।

(१२) ठेक्कामा कुनै विवाद भएमा बर्दघाट नगरपालिकाको निर्णय अन्तिम हुनेछ ।

(१३) यस सूचनामा नपरेका कुराहरु प्रचलित ऐन, नियम र कानून अनुसार हुनेछ ।

(१४ प्रचलित ऐन, नियम, कानून, सम्झौता र सूचनाको शर्तहरु विपरित कार्य गरेमा जुन सुकै अवस्थामा पनि कार्यालयले ठेक्का तोड्न सक्ने छ र त्यसबाट कार्यालयलाई हुने हानी नोक्सानी ठेकेदारबाट सरकारी बाँकी सरह असुल उपर गरिनेछ ।

(१५) नगरपालिकालाई बुझाउनु पर्ने बाँकी बक्यौता भएका व्यक्ति तथा फर्महरुको बोलपत्र स्वीकृत हुनेछैन ।

(१६) बोलपत्र सम्वन्धि विस्तृत विवरणको लागि कार्यालयको वेव साइट www.bardaghatmun.gov.np/ www.bolpatra.gov.np/egp मा तथा कार्यालय समय भित्र कार्यालयको फोन नं. ०७८-५८०४०७ मा सम्पर्क गर्न सकिने छ ।

प्रकाश खनाल

प्रमुख प्रशासकीय अधिकृत

प्रमुख प्रशासकीय अधिकृत

बर्दघाट नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

बर्दघाट, नवलपरासी

ठेक्का | टेण्डर

बर्दघाट न.पा.को आय ठेक्काको विद्युतिय बोलपत्र फाराम

तेश्रो पटक सूचना प्रकाशित मिति: २०८१।०४।२२

| ठेक्का नं | आय ठेक्का विवरण | कबोल अंक (भ्याट समेत) | | | धरौटी | कै |
|---|---|---|---|---|---|---|
| | | न्यूनतमअंक रु. | अंकमा | अक्षरमा | | |
| ५/०८०/०८१ | भटौलिया हाटवजार, शनिवार बुधवार, बर्दघाट-१२, (शौचालय समेत) | ७,४४,१८५।६६ | | | | |

टेण्डर पेश गर्ने फर्मको :–

सहि/छाप :–नाम, थर :–

ठेगाना :–

सम्पर्क नम्वर :

२०८१।०४।२२

प्रमुख प्रशासकीय अधिकृत